नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

**पत्र संख्या:-०७८।७९** **मिति २०७८।०५।२२**

## कपिलवस्तुका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण, निदान तथा उपचारका सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति (DCMC) को मिति २०७८।०५।२२ गतेको सिफारिस अनुसार हाल कायम रहेको निषेध आदेशलाई यस जिल्लामा मिति २०७८।०५।२७ गतेबाट लागू हुने गरी तपसिल बमोजिम गर्न/ गराउन सर्वसाधारण सबैको लागि अनुरोध छ।

१. शैक्षिक संस्थाहरु (विद्यालय) ले सकेसम्म भौतिक उपस्थितिमा पठन पाठन नगर्ने/ नगराउने। गर्नैपर्ने भएमा नेपाल सरकारले जारी गरेको स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ को प्रावधान भित्र रही स्थानीय तहहरुले कोभिड-१९ को परीक्षण संख्याको आधारमा कार्यविधिको दफा ६ र ७ मा उल्लेख भए अनुसारको सूचक तथा जोखिम मूल्यांकन गरी लकडाउनको तह निर्धारण गरी DCMC लाई जानकारी गराउने । लकडाउनको प्रकृति अनुसार स्मार्ट लकडाउन कार्यविधि र स्मार्ट लकडाउन कार्ययोजनामा उल्लेख भए अनुसारको क्षेत्र/उपक्षेत्र/ क्रियाकलापहरु नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्ने गरी संचालन गर्न सक्ने।

२. निषेध गरिएका गतिविधिहरु :- सभा, सम्मेलन, पार्टी प्यालेसमा भेला, स्वीमिङ पुल, मेला गर्ने, हाट बजार (कृषि उपज बाहेक), अनावश्यक रुपमा भिडभाड गर्न, जात्रा, महोत्सव, भोजभतेर, भेला भई भिडभाड गरी गरिने साँस्कृतिक कार्यहरु गर्न नपाइने।

३. खुला तथा सार्वजनिक रुपमा मनाइने चाडपर्वहरु स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गरी न्यूनतम सहभागितामा सांकेतिक रुपमा मात्र मनाउन पाउने।

४. सर्वसाधारण व्यक्ति, समूह तथा संस्था लगायतका निकायहरुबाट आर्थिक, सामाजिक तथा व्यवसायिक गतिविधिहरु सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गरेर मात्र गर्न पाउने।

५. औषधी, स्वास्थ्य सामाग्री तथा अत्यावश्यक सेवाका पसलहरु बाहेक अन्य पसल, व्यवसायहरु बेलुका ८:०० बजेसम्म मात्र संचालन गर्न पाइने।

६. जिल्ला स्थित सबै अस्पताल, स्वास्थ्य संस्थामा कोभिड-१९ संक्रमणको लक्षण देखिएका तथा ज्वरो आएका बिरामीको कोभिड परीक्षण अनिवार्य रुपमा गर्ने ।

कोभिड-१९ सम्बन्धी आदेशको प्रभावकारी पालना सम्बन्धमा सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन गरिनेछ। अनुगमनका क्रममा यस आदेशको अवज्ञा भएको पाइएमा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही हुनेछ। संक्रमण बढ्न गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनै पनि बेला पुनरावलोकन गर्न सकिनेछ।

२०७८।५।२२

....................................

**चक्र पाणी पाण्डे**

**प्रमुख जिल्ला अधिकारी**